# जीवन्त विम्बहरू

*डा. वानीरा गिरि*

शिन्तो मन्दिरको मुखैमा

माइकोहरूका नामका स्टिकरसँगै

आफ्नो नाम खोज्छु

रङ्गीन कपडा झुण्ड्याइएका चिया पसलमा

कहीं टुसुक्क बसेकी छु म

खडाउ जो बज्दैछन् माइकोमा

लाग्छन् मेरा हुन्

घोडाका टापहरूमा रूपान्तरित हुँदैछन् ती आवाज

फुजियामा, नागासाकी, याङसिकियाङ,

तिब्बती पठार, ककेशश, हुदैहुदै

सगरमाथा पार गरेर

मेरो प्यारो राजधानीको नयाँ बानेश्वरमा पुग्छन्

झसङ्ग हुन्छ(

एउटी सुन्दरी माइको
मलाई हेर्दै आफूलाई हातेपङ्खा झल्दैछे

जापानी सौन्दर्य परिभाषित छ

हिएँ

जून

र फूलमा

ध्वस्त(विध्वस्त हिरोशिमा र नागासाकीपछि

सेता हिएँमा शीतल जून

र हलुका परेवा झैं लाग्ने सेता म्याग्नोलिया

हरेक जापानीका मन मन्दिरका प्रतीक हुन्

कति शीतल छन् तिनका मन

कति शान्त छन् तिनका मस्तिष्क

हिएँ, जून र म्याग्नोलियाजस्तै

मुटुमा हिरोशिमा र नागासाकीको

गहिरो धाव बोकेर

अलाङटलाङ गर्दै उडिरहेछ फुजी

यो जागेको दिन

जुरुक्क उठेको दिन के होला ?

भो यस्ता ज्वालामुखी घावका पाप्रा नउप्काएँ

कहीं यो घाव

फुजीभन्दा बढी

जोडदार धमाका गर्दै फुट्यो भने ?

क्योटो

कुनै उच्चेटुच्चे शहर होइन

एक अनिद्य सुन्दरीले केश बाटेझैं

मन्दिरैमन्दिरले आफूलाई बाटेर बसेको छ

यो भूतपूर्व राजधानी

नदी, गुलाफी पहाड, काठेपुल

के छैन यहाँ कविता रच्नलाई ?

साँकुराको टनेलबाट गुज्रूदैछु

नतर्सिनु

रङ्गीन साँकुराले अूगाल्छ

म्वाई खान्छ

सुम्सुमाएँछ

माया गर्छ

काखमा राख्छ

बिर्साइदिन्छ(

साँकुरा ती हुन् वा म ?

यो एक जादुई अनुभूति हो

वा एक तिलस्मी गुलाफी सम्मोहन ?

कावारामाची

नदी किनाराको टोल कत्ति भाग्यमानी छ

सधैंसधैं नदीले

सुसेल्दै सुसेल्दै मीठो गीत सुनाइरहन्छ
टोलवासीलाई थेरामाची

मन्दिरैमन्दिरको टोल

सर्रर हावा बहूदा

सुस्तरी बज्ने ससाना घण्टका आवाजहरूले

सधैंसधैं बोलाइरहन्छन् उनीहरूलाई

( ३१ मार्च १९९७/ बिहान ७ बजे (३१ मार्च १९९७
/

बिहान ७ बजे (जापानी समय)( होटलपार्क, क्योटा